बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

# कृषि, पशुपन्छी तथा मत्स्य व्यवसाय सहयोग कार्यक्रम (स्टार्टअप ग्रान्ट) कार्यान्वयन कार्यविधि, २०८२

स्वीकृत मितिः २०८२।०८।२८

**प्रस्तावनाः** बागमती प्रदेशका युवा जनशक्तिलाई कृषि, पशुपन्छी तथा मत्स्यका निर्धारित विषय क्षेत्रमा सीप अभिवृद्धि गरी व्यावसायीकरण, बजारीकरण र उद्यमशीलता विकासमार्फत स्वरोजगार प्रवर्धन गर्नका लागि कार्यक्रमलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी र परिणाममुखी ढङ्गबाट सञ्चालन गर्न वाञ्छनीय भएकोले प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "**कृषि, पशुपन्छी तथा मत्स्य व्यवसाय सहयोग कार्यक्रम (स्टार्टअप ग्रान्ट) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२**" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "**कार्यक्रम**" भन्नाले वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भएको कृषि व्यवसाय सहयोग कार्यक्रम (स्टार्टअप ग्रान्ट) र पशुपन्छी तथा मत्स्य व्यवसाय सहयोग कार्यक्रम (स्टार्टअप ग्रान्ट) अन्तर्गत छनोट भएका प्रशिक्षार्थीलाई तालिम दिने र व्यवसाय सुरुवातको लागि स्टार्टअप ग्रान्ट उपलब्ध गराउने कार्यक्रम सम्झनुपर्छ।

(ख) "**तालिम केन्द्र**" भन्नाले बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतको कृषि तालिम केन्द्र र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय मातहतको पशु सेवा तालिम केन्द्र सम्झनुपर्छ।

(ग) "**तालिम**" भन्नाले तालिम केन्द्रले यस कार्यक्रमसँग सम्बन्धित सीप र उद्यमशीलता विकास गर्न प्रदान गर्ने छोटो अवधिको व्यावहारिक सीपमूलक तालिम कार्यक्रम सम्झनुपर्छ।

(घ) "**निर्देशनालय**" भन्नाले कार्यक्रमको विषय क्षेत्र अनुसार बागमती प्रदेशको कृषि विकास निर्देशनालय वा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनुपर्छ।

(ङ) "**प्रशिक्षार्थी**" भन्नाले यस कार्यक्रमका लागि छनोट भएको तालिम लिन योग्य युवा जनशक्ति सम्झनुपर्छ।

वैकुण्ठ अधिकारी
प्रदेश सचिव

**मा. मधुसूधन पौडेल**
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

(च) **"प्रस्तावक"** भन्नाले १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको र न्यूनतम एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यता हासिल गरेको नेपाली नागरिक सम्झनुपर्छ।

(छ) **"प्रोत्साहन अनुदान रकम दुरुपयोग"** भन्नाले सरकारले प्रदान गरेको प्रोत्साहन अनुदान रकमबाट निर्मित कृषि पूर्वाधार संरचना, खरिद गरिएका यन्त्र उपकरण तथा उत्पादन सामग्रीलाई कार्यक्रमको मर्म, उद्देश्य र सम्झौतामा तोकिएको शर्त तथा प्रतिबद्धता विपरीत प्रयोग वा सञ्चालन गर्ने कार्यलाई जनाउँछ। साथै, दोहोरो अनुदान सुविधा लिने, सम्झौता बमोजिम तोकिएको न्यूनतम अवधिसम्म व्यवसाय निरन्तर सञ्चालन नगर्ने, वा पूर्ण वा आंशिक रुपमा व्यवसाय, संरचना तथा सामग्री बिक्री गर्ने जस्ता कार्यहरु समेत यस दुरुपयोग अन्तर्गत पर्न आउनेछन्।

(ज) **"मन्त्रालय"** भन्नाले बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनुपर्छ।

(झ) **"लाभग्राही"** भन्नाले निर्देशनालय वा कार्यालयबाट सञ्चालन भएको कार्यक्रम अन्तर्गत सम्झौता गरी काम सम्पन्न गरेपछि भुक्तानी प्राप्त गर्ने साझेदारलाई सम्झनुपर्छ।

(ञ) **"साझेदार"** भन्नाले सम्बन्धित निर्देशनालय वा कार्यालयबाट सञ्चालन हुने कार्यक्रमको लागि छनोटमा परी सम्झौता गरेका प्रस्तावक सम्झनुपर्छ।

(ट) **"स्टार्टअप ग्रान्ट"** भन्नाले कार्यक्रममा सहभागी हुन छनोट भई तालिम प्राप्त गरेको प्रशिक्षार्थीलाई व्यवसाय सुरुवात गर्नका लागि प्रदान गरिने स्वीकृत कार्यक्रममा व्यवस्था भएबमोजिमको प्रोत्साहन रकम सम्झनुपर्छ।

## परिच्छेद-२
## संस्थागत व्यवस्था

३. मूल्याङ्कन समितिः (१) कार्यक्रम कार्यान्वयनका लागि प्रशिक्षार्थी छनोट गर्न निर्देशनालयमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछ।

| | |
|---|---|
| (क) निर्देशक, निर्देशनालय | - संयोजक |
| (ख) तालिम केन्द्र प्रमुख वा निजले तोकेको अधिकृत | - सदस्य |
| (ग) कार्यक्रम हेर्ने वरिष्ठ अधिकृत/अधिकृत | - सदस्य |
| (घ) प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | - सदस्य |
| (ङ) प्रमुख, खरिद एकाइ, निर्देशनालय | -सदस्य सचिव |

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

(२) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिमको हुनेछः-

(क) कार्यक्रममा सहभागी हुन इच्छुक प्रस्तावकहरूको मूल्याङ्कन गरी योग्यताक्रम सूचीअनुसार छनोटका लागि निर्देशनालय समक्ष सिफारिस गर्ने,

(ख) तालिम केन्द्रबाट प्राप्त पाठ्यक्रमको मस्यौदा अध्ययन गरी सुझाव सहित निर्देशनालय/कृषि तालिम केन्द्रसमक्ष स्वीकृतिका लागि सिफारिस गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनका लागि सहजीकरण गर्ने,

(घ) कार्यक्रम सञ्चालनका क्रममा आइपरेका बाधा अड्चन फुकाउने,

(३) समितिले बैठकमा आवश्यकता अनुसार बढीमा दुई जना विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

## परिच्छेद-३
## कार्यक्रम सञ्चालन प्रक्रिया

४. **कार्यक्रम सञ्चालन हुने स्थानः** कार्यक्रम बागमती प्रदेशका जिल्लाभित्र सञ्चालन हुनेछ।

५. **कार्यक्रम सञ्चालनको विषय क्षेत्रः** (१) कार्यक्रम सञ्चालनको विषयक्षेत्र स्वीकृत वार्षिक कार्यक्रम अनुसार हुनेछ। वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख नभएको हकमा निर्देशनालयले निर्धारण गरेबमोजिम हुनेछ।

(२) उपदफा (१) मा निर्धारित विषयक्षेत्र अन्तर्गतका व्यवसाय सञ्चालनका लागि देहायका क्रियाकलापहरु गर्न सकिनेछ।

(क) पूर्वाधार निर्माण/सुदृढीकरण

(ख) यन्त्र उपकरण तथा मेसिन खरिद

(ग) सङ्कलन, भण्डारण र बजारीकरणका लागि आवश्यक अन्य सामग्री।

६. **प्रस्तावकको न्यूनतम मापदण्डः** कार्यक्रममा सहभागी हुनका लागि प्रस्तावकले देहायबमोजिमको मापदण्ड पुरा गरेको हुनुपर्नेछ।

(क) १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको नेपाली नागरिक,

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट न्यूनतम एस.ई.ई. वा सो सरहको शैक्षिक योग्यता हासिल गरेको।

वैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

७. **प्रस्ताव आह्वानः** (१) निर्देशनालयले स्वीकृत कार्यक्रममा सहभागी हुन इच्छुक प्रस्तावकहरुलाई लक्षित गरी प्रस्ताव पेस गर्न २१ (एक्काइस) दिनको म्याद राखी अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा निर्देशनालयले न्यूनतम ७ (सात) दिनको समयसीमा राखी १ (एक) पटकको लागि प्रस्ताव आह्वानको पुनः सूचना प्रकाशन गर्न सक्नेछ।

८. **प्रस्ताव दर्ताः** कार्यक्रममा सहभागी हुन इच्छुक प्रस्तावकले दफा ७ मा उल्लिखित समयसीमा भित्र अनुसूची-३ बमोजिमको प्रस्तावपत्र, अनुसूची-४ बमोजिमको प्रतिबद्धता पत्र र आवश्यक कागजात सहित अनुसूची-२ बमोजिमको निवेदन निर्देशनालय/कार्यालयमा दर्ता गर्नुपर्नेछ।

९. **प्रस्ताव मूल्याङ्कनः** (१) दफा ३ बमोजिम गठित मूल्याङ्कन समितिले अनुसूची-५(क) बमोजिमको मूल्याङ्कन मापदण्डअनुसार प्रस्तावकहरुको प्रारम्भिक मूल्याङ्कन गरी स्थलगत प्रमाणीकरणको लागि निर्देशनालयलाई प्रारम्भिक सूची उपलब्ध गराउनेछ।

(२) निर्देशनालयले उपदफा (१) बमोजिम प्राप्त प्रारम्भिक सूचीमा परेका प्रस्तावकहरुको प्रस्तावित व्यवसाय सञ्चालन हुने स्थलको स्थलगत अनुगमन गरी प्रतिवेदन मूल्याङ्कन समिति समक्ष पेस गर्नेछ।

(३) समितिले उपदफा (२) बमोजिमको स्थलगत अनुगमन प्रतिवेदन र प्रस्तावकले पेस गरेका कागजातको आधारमा अनुसूची-५(ख) बमोजिमको मापदण्डअनुसार मूल्याङ्कन गर्नेछ।

(४) समितिले उपदफा (१) र (३) बमोजिमको जम्मा प्राप्ताङ्कका आधारमा प्रशिक्षार्थीको योग्यताक्रम सूची स्वीकृतिका लागि निर्देशनालयसमक्ष पेस गर्नेछ।

(५) निर्देशनालयले वैकल्पिक उम्मेदवार सहितको स्वीकृत योग्यताक्रम सूची तालिम केन्द्रमा पठाउनेछ।

१०. **तालिम सञ्चालनः** (१) निर्देशनालय/कृषि तालिम केन्द्रले दफा ३ को उपदफा २(ख) बमोजिम प्राप्त तालिम पाठ्यक्रम स्वीकृत गर्नेछ।

(२) दफा ९(५) बमोजिम प्राप्त योग्यताक्रम सूची अनुसार छनोट भएका प्रशिक्षार्थीलाई दफा ५ बमोजिमको विषयमा तालिम केन्द्रले विनियोजित बजेटको परिधिभित्र रही तालिम सञ्चालन गर्नेछ।

(३) तालिम केन्द्रले सफलतापूर्वक तालिम सम्पन्न गरेका प्रशिक्षार्थीहरुको विवरण निर्देशनालयमा पेस गर्नुपर्नेछ।

वैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

११. <u>कार्ययोजना स्वीकृति र सम्झौता:</u> (१) निर्देशनालयले दफा १०(३) बमोजिम प्राप्त विवरण अनुसारका प्रशिक्षार्थीहरुलाई स्वीकृत कार्यक्रममा सहभागी हुन १५ दिनको म्याद राखी सम्झौताका लागि आह्वान गर्नेछ।

(२) प्रशिक्षार्थीले निर्धारित कृषि व्यवसाय सञ्चालनको विस्तृत कार्ययोजना पेस गर्नुपर्नेछ। प्रशिक्षार्थीले पेस गरेको कार्ययोजनाको आधारमा निर्देशनालयले प्राविधिक मापदण्ड निर्धारण गरी स्वीकृत गर्नुपर्नेछ।

(३) निर्देशनालयले प्रशिक्षार्थीलाई लागत अनुमान तयार गर्न स्वीकृत प्राविधिक मापदण्ड उपलब्ध गराउनेछ।

(४) सम्बन्धित कार्यक्रम अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरुको स्वीकृत प्राविधिक मापदण्डको आधारमा प्रशिक्षार्थीले लागत अनुमान र कार्यान्वयन कार्ययोजना तयार गरी निर्देशनालय समक्ष पेस गर्नुपर्नेछ।

(५) निर्देशनालयले उपदफा (४) बमोजिम पेस भए अनुसार नै वा आवश्यक भए परिमार्जनसहित सम्झौतापूर्व लागत अनुमान र कार्यान्वयन कार्ययोजना स्वीकृत गर्नेछ।

(६) निर्देशनालयले उपदफा (५) बमोजिम स्वीकृत लागत अनुमानको आधारमा अनुसूची-६ बमोजिम प्रशिक्षार्थीसँग द्विपक्षीय सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नेछ।

(७) सम्झौता भएको मितिले ३० (तीस) दिनभित्र साझेदारले प्रचलित कानुनबमोजिम निर्धारित व्यवसाय दर्ता एवं सञ्चालनका लागि आवश्यक कानुनी प्रक्रिया पुरा गरेको प्रमाण खुल्ने कागजात पेस गर्नुपर्नेछ।

(८) साझेदारले सम्झौता गर्नु अघि अनुसूची-७ बमोजिमको स्व-घोषणा पेस गर्नुपर्नेछ।

## परिच्छेद-४

## <u>आर्थिक पक्ष</u>

१२. <u>साझेदार रकम:</u> (१) स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही प्रति साझेदार कृषि विषय क्षेत्र तर्फ अधिकतम ५ लाख रुपैयाँसम्म र पशुपन्छी तथा मत्स्य विषय क्षेत्र तर्फ ६.५ लाख रुपैयाँसम्म नबढ्ने गरी सम्झौता रकमको बढीमा ५० प्रतिशतसम्म प्रोत्साहन रकम उपलब्ध गराउन सकिनेछ।

(२) कार्यक्रम बजेटको २ (दुई) प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्याउन सकिनेछ र उक्त रकम निर्देशनालयले सूचना प्रकाशन, इन्धन, स्टेशनरी, डिजाइन तथा लागत अनुमान तयारी, प्रस्तावहरुको स्थलगत निरीक्षण एवं प्रमाणीकरण, अनुगमन खर्च, बैठक भत्ता, अभिमूखीकरण आदिमा खर्च गर्न सक्नेछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

(३) साझेदारले बिल, भरपाई, सम्बन्धित प्राविधिकले तयार गरेको कार्यसम्पन्न प्रतिवेदन, कार्यसम्पन्न खुल्ने फोटो लगायत आवश्यक कागजात तोकिएको समयभित्रै निर्देशनालयमा भुक्तानीका लागि निवेदन पेस गर्नु पर्नेछ।

(४) भुक्तानीको लागि निवेदन प्राप्त भएपछि निर्देशनालयले सम्बन्धित विषय क्षेत्रका प्राविधिकबाट स्थलगत अनुगमन निरीक्षण गराउनेछ।

(५) उपदफा (४) बमोजिम साझेदारले निवेदनका साथ पेस गरेको कागजात र निर्देशनालयले खटाएको प्राविधिकले स्थलगत निरीक्षण गरी तयार गरेको प्राविधिक अनुगमन प्रतिवेदनको आधारमा स्वीकृत प्राविधिक मापदण्ड पुरा गरी कार्यसम्पन्न भए नभएको र रीतपूर्वक सम्पूर्ण कागजात संलग्न भए नभएको यकिन गरी निर्देशनालयले साझेदारको बैङ्क खातामार्फत भुक्तानी गर्नेछ।

(६) सम्झौता भएको मिति भन्दा पहिले नै सम्पन्न भएका कार्यका लागि प्रोत्साहन रकम उपलब्ध गराइने छैन।

## परिच्छेद-५
## विविध

१३. **प्रस्ताव छनोट सम्बन्धी अन्य शर्तः** (१) गत आर्थिक वर्षमा मन्त्रालय वा मातहतका कार्यालयमार्फत कृषि क्षेत्रको विकासका लागि अनुदान प्राप्त गरेका लाभग्राहीलाई चालु आर्थिक वर्षको अनुदान कार्यक्रममा सहभागी गराईने छैन। यस सम्बन्धमा चालु आर्थिक वर्षमा अनुदान प्रवाह गर्ने निर्देशनालय वा कार्यालयले दफा ९ को उपदफा १ बमोजिमको प्रारम्भिक सूची तयार गर्ने क्रममा, गत आर्थिक वर्षमा सम्बन्धित प्रस्तावकले अनुदान प्राप्त गरेको वा नगरेको विवरण सम्बन्धित निर्देशनालय वा कार्यालयसँग पत्राचार गरी अनिवार्य रूपमा यकिन गर्नुपर्नेछ।

(२) प्रस्तावकले चालु आर्थिक वर्षमा मन्त्रालय तथा मातहतका निर्देशनालय/कार्यालय, स्थानीय तह वा संघीय सरकारबाट सञ्चालित परियोजनाबाट सोही कार्यक्रम/क्रियाकलापका लागि अनुदान प्राप्त नगरेको बेहोरा खुल्ने स्व-घोषणा पेस गर्नुपर्नेछ। अन्य निकायबाट दोहोरो अनुदान प्राप्त भएको पाइएमा सम्झौता रद्द गरी प्रचलित कानुन बमोजिम आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइनेछ।

(३) समूह सहकारीमा आबद्ध कृषकमध्ये गत आर्थिक वर्षमा अनुदान सहयोग प्राप्त गरेका बाहेक सोही समूह सहकारीका अन्य कृषक चालु आर्थिक वर्षको अनुदान कार्यक्रममा सहभागी हुन सक्नेछन्।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

(४) विपत्‌बाट क्षति बापतको राहत रकम, बर्ड फ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुको लागि उपलब्ध गराइएको क्षति रकम, साइलेज प्रोत्साहन, विद्युत महशुलमा छुट, बिउ/बेर्ना/बिरुवा र नश्ल/भुरा वितरण, जग्गा भाडामा अनुदान, ब्याज अनुदान, क्षेत्रफल/उत्पादनमा आधारित बिउ/घाँस/दुधमा प्रोत्साहन अनुदान तथा कार्यालयबाट सञ्चालित चिकित्सा सेवा, प्रयोगशाला सेवा, कृत्रिम गर्भाधान सेवा वा कार्यालयबाट उपलब्ध गराइने औषधी/खनिज/भिटामिन/हर्मोन/मल/विषादी/सुक्ष्म तत्व/कृषि चुन जस्ता सेवाटेवा कार्यक्रममार्फत अनुदान सहयोग प्राप्त गरेका कृषकले यस कार्यविधिबमोजिमका कार्यक्रम र अन्य अनुदान कार्यक्रममा समेत सहभागी हुन सक्नेछन्।

१४. <u>सार्वजनिक सूचना पाटी सम्बन्धी व्यवस्थाः</u> प्रोत्साहन रकम प्राप्त गर्ने लाभग्राहीले कार्यक्रम सम्पन्न भएको स्थलमा अनुसूची-८ बमोजिमको सार्वजनिक सूचना पाटी सबैले देख्ने गरी टाँस गर्नु पर्नेछ।

१५. <u>विवरण उपलब्ध गराउनेः</u> स्वीकृत वार्षिक कार्यक्रम सम्पन्न भएपश्चात निर्देशनालयले लाभग्राहीको विवरण नियमित अध्यावधिक गरी प्रकाशन एवं सम्बन्धित माथिल्लो निकायमा पठाउनु पर्नेछ।

१६. <u>अनुगमन तथा निरीक्षणः</u> मन्त्रालय/निर्देशनालय/तालिम केन्द्र तथा कार्यालयले कार्यक्रम कार्यान्वयनको चरणमा वा कार्यसम्पन्न पश्चात आवश्यकता अनुसार छुट्टाछुट्टै वा संयुक्त अनुगमन निरीक्षण गर्न सक्नेछ। यसरी भएको अनुगमनबाट दिइएको मौखिक वा लिखित पृष्ठपोषण पालन गर्नु साझेदारको कर्तव्य हुनेछ। साथै, मन्त्रालय/निर्देशनालय/तालिम केन्द्र तथा कार्यालयले अनुगमन प्रतिवेदनको सुझाव र पृष्ठपोषणलाई आगामी दिनमा मागमा आधारित कार्यक्रम तर्जुमा गर्न र प्रभावकारी कार्यान्वयनका लागि आधारको रुपमा लिनेछन्।

१७. <u>कारबाही सम्बन्धी व्यवस्थाः</u> साझेदारले लिएको प्रोत्साहन अनुदान रकम दुरुपयोग गरेको पाईएमा निजलाई नकारात्मक सूचीमा सूचीकृत गरी प्रचलित कानुनबमोजिम सरकारी बाँकी सरह असुल उपर गर्न प्रक्रिया अगाडि बढाइनेछ।

१८. <u>संशोधनः</u> यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ। आर्थिक दायित्वको विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमति लिई संशोधन गरिनेछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

१९. <u>प्रचलित कानुनबमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रकिया बाहेकका विषयहरु प्रचलित कानुनसँग बाँझिएमा प्रचलित कानुनबमोजिम नै हुनेछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

**मा. मधुसूदन पौडेल**
**मन्त्री**

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची -१
(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**प्रस्ताव आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मितिः ... ... ...

कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश अन्तर्गतको ... ... ... निर्देशनालयको आ.व. ... ... ...को स्वीकृत वार्षिक कार्यक्रम ... ... ... सञ्चालन गर्न ... ... ...इच्छुक प्रस्तावकले यो सूचना प्रकाशित भएको ... ... ... औं दिन (... ... ...गते) सम्ममा कार्यालय समयभित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित निवेदन साथ अनुसूची-२ बमोजिमको प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै, रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश हुन नसक्ने बेहोरा समेत जानकारी गराइन्छ। अनलाईन वा इमेल मार्फत समेत प्रस्ताव पेस गर्न सकिनेछ।

**नोटः**

१. कृषि, पशुपन्छी तथा मत्स्य व्यवसाय प्रवर्धन (स्टार्टअप ग्रान्ट) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ मन्त्रालय (molmac.bagamati.gov.np) वा निर्देशनालय (doad.bagamati.gov.np र dolfd.bagamati.gov.np) को वेबसाइटबाट डाउनलोड गरी हेर्न सकिनेछ।

मा. मधुसूधन पौडेल
मन्त्री

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-२

(दफा ८ सँग सम्बन्धित)

**कार्यक्रममा सहभागी हुन पेस गर्नुपर्ने निवेदनको ढाँचा**

मितिः

श्रीमान् निर्देशक
कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

विषयः कृषि व्यवसाय सहयोग कार्यक्रममा (स्टार्टअप ग्रान्ट) सहभागी हुन पाउँ।

महोदय,

प्रस्तुत विषयमा तहाँ निर्देशनालयको मिति .........को प्रकाशित सूचना अनुसार........................... विषयमा तालिम प्राप्त गरी....................(व्यवसाय गर्ने ठेगाना) मा कृषि व्यवसाय अनुदान सहयोग कार्यक्रममार्फत.................व्यवसाय गर्न म............................(नाम, थर) .................... निवासी कृषि उद्यमी/व्यवसायी बन्न इच्छुक रहेको हुँदा कार्यक्रममा सहभागी गराईदिनुहुन अनुरोध गर्दछु।

निवेदक
नाम, थरः
ठेगानाः
फोन नं.:

आवश्यक कागजातहरुः

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि,
३. अनुसूची-३ बमोजिमको प्रस्ताव,
४. अनुसूची-४ बमोजिमको प्रतिबद्धतापत्र,
५. निर्देशनालयबाट माग भएका आवश्यक अन्य कागजात।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-३

(दफा ८ सँग सम्बन्धित)

## कृषि, पशुपन्छी तथा मत्स्य व्यवसाय प्रवर्धन सहयोग कार्यक्रममा सहभागी हुन पेस गर्नुपर्ने प्रस्तावको ढाँचा

प्रस्तावकको नाम, थर:

ठेगाना:

फार्म/कम्पनीको नाम:

कार्यक्रममा सञ्चालन गर्ने व्यवसायको विवरण:

| | |
|---|---|
| व्यवसाय सञ्चालन हुने ठेगाना | |
| व्यवसायको प्रकार | |
| पूर्वाधारको अवस्था | खानेपानी:<br>विद्युत:<br>सडक:<br>सञ्चार:<br>जग्गाको स्वामित्व: |
| प्रस्तावित व्यवसाय स्थल | सहरी क्षेत्रभित्र रहेको |
| | सहरी क्षेत्रनिकट रहेको |
| | ग्रामीण क्षेत्रमा रहेको |
| कच्चा पदार्थको स्रोत | पूर्ण रुपमा स्वदेशी |
| | आंशिक (७० प्रतिशत भन्दा कम) स्वदेशी |
| | पूर्ण रुपमा (५० प्रतिशत भन्दा बढी) विदेशी |
| लागत साझेदारीको स्रोत (५० प्रतिशत) | |
| दीर्घकालीन सोच | |
| जोखिम व्यवस्थापन योजना | |

व्यवसाय सञ्चालनको लागि प्रस्तावित क्रियाकलापहरु

| क्र.सं. | क्रियाकलापहरु |
|---|---|
| | |
| | |
| | |
| | |



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

अनुसूची- ४
(दफा ८ सँग सम्बन्धित)
**प्रतिबद्धता पत्र**

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

श्रीमान् निर्देशक
... ... ... (कार्यालयको नाम) ... ...

कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौंडाको मिति ...............गते प्रकाशित सूचना अनुसार कृषि व्यवसाय सहयोग कार्यक्रम (स्टार्टअप ग्रान्ट) सञ्चालनका लागि **कृषि, पशुपन्छी तथा मत्स्य व्यवसाय सहयोग कार्यक्रम (स्टार्टअप ग्रान्ट) कार्यान्वयन कार्यविधि, २०८२** बमोजिम ............................... विषयमा तालिममा सहभागी भई सोही बमोजिम निर्देशनालयको अनुदान सहयोगमा दिगो, प्रभावकारी एवं पूर्णरुपमा व्यवसाय सञ्चालन गर्ने तपसिल बमोजिम प्रतिवद्धता व्यक्त गर्दछु। साथै, प्रतिबद्धतापत्रमा केही झूठो ठहरिएमा प्रचलित कानुन बमोजिम सजायको भागेदार हुन मञ्जुर रहेको बेहोरा समेत अनुरोध गर्दछु।

तपसिल

१. यस कार्यक्रममा छनोट भएको खण्डमा दोहोरो अनुदान सुविधा लिने छैन।
२. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन।
३. कुनै पनि वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा परेको छैन।
४. छनोट भएको खण्डमा न्यूनतम ... वर्षसम्म व्यवसाय निरन्तर सञ्चालन गर्नेछु।

सही छापः

| | |
|---|---|
| | |
| दायाँ | बायाँ |

**प्रतिबद्धता गर्नेको**

नाम, थरः

हस्ताक्षरः

सम्पर्क नं.

२०८२/५/१२

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

**मा. मधुसूधन पौडेल**
**मन्त्री**

अनुसूची-५ (ख)

(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

**मूल्याङ्कन मापदण्ड**

| क्र.सं. | सूचक | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | **शैक्षिक योग्यता** | १० | |
| क | १०+२ वा सो भन्दा बढी | १० | |
| ख | एस.ई.ई. | ५ | |
| २ | **प्रस्तावको व्यावसायिक सम्भाव्यता** | १० | |
| क | जोखिम व्यवस्थापन | ५ | |
| ख | दीर्घकालीन सोच | ५ | |
| ३ | **प्रविधिको प्रयोग** | ५ | |
| क | पूर्ण प्रयोग गर्ने | ५ | |
| ख | आंशिक प्रयोग गर्ने | ३ | |
| ग | प्रयोग नगर्ने | ० | |
| ४ | **प्रस्तावित व्यवसाय स्थल** | १५ | |
| क | सहरी क्षेत्रभित्र रहेको | १५ | |
| ख | सहरी क्षेत्रनिकट रहेको | १० | |
| ग | ग्रामीण क्षेत्रमा रहेको | ५ | |
| ५ | **कच्चा पदार्थको स्रोत** | १० | |
| क | पूर्ण रुपमा स्वदेशी | १० | |
| ख | आंशिक (७० प्रतिशत भन्दा कम) स्वदेशी | ५ | |
| ग | पूर्ण रुपमा (५० प्रतिशत भन्दा बढी) विदेशी | ३ | |
| ६ | **कच्चा पदार्थको उपलब्धता** | १० | |
| क | नियमित उपलब्ध हुने | १० | |
| ख | नियमित उपलब्ध नहुने | ५ | |
| ६ | **व्यवसायका लागि प्रस्तावित क्षेत्रको उपयुक्तता (खानेपानी, विद्युत, सडक, जग्गा/भवन, सञ्चार)** | १५ | |
| क | सम्पूर्ण पूर्वाधारको उपलब्धता | १५ | |
| ख | अधिकतम पूर्वाधारको उपलब्धता | १० | |
| ग | न्यूनतम पूर्वाधारको उपलब्धता | ५ | |
| | जम्मा | ७५ | |

नोटः मूल्याङ्कन समितिले सूचना प्रकाशन अगावै मूल्याङ्कनको मापदण्ड आवश्यकता अनुसार परिमार्जन र विस्तृतीकरण एवं सहायक मापदण्ड बनाई सोही अनुसार मूल्याङ्कन गर्न सक्नेछ।

२०७८/१/१४

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

अनुसूची-५ (क)

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**प्रारम्भिक छनोटको मापदण्ड**

| क्र.सं. | मापदण्डका आधारहरु | अङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | व्यवसाय प्रस्तावको प्रस्तुतीकरण/अन्तरवार्ता | २५ | |
| क. | व्यवसायप्रतिको आत्मविश्वास | ५ | |
| ख. | रणनीतिक कुशलता | ५ | |
| ग. | व्यवसायको सवल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौती विश्लेषण (SWOT Analysis) गर्न सक्ने क्षमता | ५ | |
| घ. | सिर्जनशीलता | ५ | |
| ङ. | प्रस्तुतीकरण | ५ | |

नोटः मूल्याङ्कन समितिले सूचना प्रकाशन अगावै प्रारम्भिक छनोटको मापदण्ड आवश्यकता अनुसार विस्तृतीकरण एवं सहायक मापदण्ड बनाई सोही अनुसार छनोट गर्न सक्नेछ।

मा. मधुसूधन पौडेल
मन्त्री

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

अनुसूची-६

(दफा ११ को उपदफा (६) सँग सम्बन्धित)

बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय हेटौंडा, नेपाल

## सम्झौता पत्र

........... कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र श्री .................. (यसपछि दोस्रो पक्ष भनिने) बिच तपसिल अनुसारका शर्तहरु पालना गर्ने गरी .............कार्यक्रम सञ्चालनका लागि द्विपक्षीय सम्झौता गरी बुझिलियौं/दियौं।

तपसिलः

(१) प्रथम पक्षले ...................... कार्यक्रम सञ्चालनको लागि कुल लागत अनुमान रकम मध्ये दोस्रो पक्षलाई रु. ........... (अक्षरेपी...........................) बराबरको रकम सहयोग प्रदान गर्नेछ। प्रथम पक्षले उपलब्ध गराउने सहयोग बाहेकको रकम दोस्रो पक्षले जुटाई कार्य पूरा गर्नु पर्नेछ।

(२) सम्झौता भएको मितिले ..........दिनभित्र लागत अनुमान र क्रियाकलाप अनुसार कार्य सुरु गरिसक्नु पर्नेछ।

(३) दोस्रो पक्षले मिति........................ गतेभित्र तोकिएको कार्यसम्पन्न गरी सक्नु पर्नेछ। कार्यसम्पन्नताको आधारमा रकम उपलब्ध गराईनेछ।

(४) दोस्रो पक्षले क्रियाकलापहरु उद्देश्य पुरा हुने गरी तोकिएको समयसीमा भित्र सम्पन्न गर्नुपर्नेछ।

(५) दोस्रो पक्षले कार्यक्रम सञ्चालन भएको स्थानमा सम्झौता रकम र लागत साझेदारी भए सोको विस्तृत विवरण झल्किने गरी सबैले देख्ने स्थानमा होर्डिङ बोर्ड राख्नुपर्नेछ। होर्डिङ बोर्डको ढाचाँ प्रथम पक्षले तोकेबमोजिम हुनेछ।

(६) कार्यक्रम सञ्चालनार्थ आवश्यक पर्ने जग्गा सम्बन्धित साझेदारले व्यवस्था गर्नुपर्नेछ। जग्गासम्बन्धी विवाद उत्पन्न भएमा दोस्रो पक्षले सोको समाधान आफैं गर्नुपर्नेछ।

(७) दोस्रो पक्षको लापरबाहीको कारणबाट कार्यसम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

(८) दोस्रो पक्षले आयोजना सम्पन्नपश्चात निर्माण स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लिखित मेटालिक २ फिट*३ फिट आकारको सूचना पाटी सबैले देख्ने गरी राख्नु पर्नेछ।

(९) प्राविधिक जाँचपास गर्नुपर्ने कार्यक्रमको हकमा कार्यक्रम सञ्चालन गर्ने निकायले तोकेको कार्यक्रमको लागत अनुमान, डिजाईन सम्बन्धित विषयको प्राविधिकबाट जाँचपास गराउनु पर्नेछ।

(१०) यस कार्यविधि अनुसार सम्झौता भएका साझेदारले बाली बिमा गर्नुपर्नेछ। बिमा नगरेको अवस्थामा त्यस्तो व्यवसाय तथा पूर्वाधारमा क्षति पुग्न गएमा सोको जिम्मेवार साझेदार स्वयं हुनेछ।

(११) कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुबै पक्षको आपसी सहमती अनुसार हुनेछ।

(१२) सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानुन अनुसार हुनेछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

| | |
|---|---|
| **प्रथम पक्षको तर्फबाटः**<br>हस्ताक्षरः<br>नामः<br>पदः<br>निर्देशनालयः | **दोस्रो पक्षको तर्फबाटः**<br>हस्ताक्षरः<br>नामः<br>पदः<br>संस्थाः |
| **रोहवर**<br>हस्ताक्षरः<br>नामः<br>पदः<br>निर्देशनालयः<br>निर्देशनालयको छापः | **रोहवर**<br>हस्ताक्षरः<br>नामः<br>पदः<br>संस्थाः<br>संस्थाको छापः |

इति संवत् .............. साल ................ महिना ......... गते रोज ........ शुभम्।

**नोटः** निर्देशनालयले स्वीकृत कार्यक्रमको आवश्यकता अनुसार आवश्यक परिमार्जन गरी सम्झौताको ढाँचा प्रयोग गर्न सक्नेछ।

१६

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-७

(दफा ११ उपदफा (८) सँग सम्बन्धित)

**स्व-घोषणा**

श्रीमान् निर्देशक

... ... ... (कार्यालयको नाम) ... ... ...

प्रस्तुत विषयमा तहाँ निर्देशनालयको मिति ... ... ... का दिन ... ... .., कार्यक्रमका लागि प्रकाशित सूचनाअनुसार ... ... ... जिल्ला ... ... ... पालिका स्थित ... ... ... ... कृषक/समूह/सहकारी/फार्म/कम्पनीले गत आर्थिक वर्ष ... ... मा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र मातहतका निर्देशनालय/कार्यालय, स्थानीय तह, सङ्घीय सरकारबाट सञ्चालित परियोजनाबाट कृषि क्षेत्रको विकाससँग सम्बन्धित कार्यक्रम/क्रियाकलापको लागि अनुदान प्राप्त नगरेको बेहोरा स्व-घोषणा गर्दछु। चालु आर्थिक वर्ष ... ... मा सम्झौता अघि वा सम्झौता पश्चात अन्य निकायबाट सो कार्यक्रम/क्रियाकलापको लागि दोहोरो अनुदान लिएको पाइएमा सम्झौता रद्द गरी प्रचलित कानुनबमोजिम कारबाही/सजायको भागेदार हुन मञ्जुर रहेको बेहोरा समेत अनुरोध गर्दछु।

औंठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

**आवेदकको**

नामः

पदः

ठेगानाः

संस्थाको छापः

सम्पर्क नं. :

२०८०।५।१७

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-८

(दफा १४ सँग सम्बन्धित)

<u>सार्वजनिक सूचना पाटीको ढाँचा</u>

(साइजः २ फिट * ३ फिट मेटालिक प्लेट)

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

... ... ... .. ... .. .. .. ..

... ... ... ... ... ... ...

कार्यक्रम/आयोजनाको नामः ... ... ... ... ... ... ...

आयोजना सञ्चालन गर्ने उद्यमीको नामः ... ... ... ... ... ... ...

ठेगानाः ... ... ... ... ... ... ...

कार्यक्रम/ आयोजनाको कुल लागतः रु. ... ... ... ... ... ...

प्रोत्साहन रकमः रु. ... ... ... ... ... ...

साझेदारको सहभागिताः रु. ... ... ... ... ... ...

आयोजना अवधिः ... ... ... ... ... ... देखि ... ... ... ... ... ... सम्म

लाभग्राही सङ्ख्याः महिला ... ... ... ... पुरुष ... ... ... ... ... कुल ... ... ... ... ...

दलित ... ... ... ... जनजाति ... ... ... ... अन्य जाति ... ... ... ... ...

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री